नेपाल सरकार

राष्ट्रिय योजना आयोग

# सोह्रौं योजना (वि.सं.२०८१/८२-२०८५/८६) र हरित तथा जलवायुमैत्री विकास: नेपाल सरकार सचिवस्तरीय छलफलको निष्कर्ष

मिति २०८१ माघ २३ गते राष्ट्रिय योजना आयोगबाट "**१६औं योजना र हरित तथा जलवायुमैत्री विकास**" विषयमा नेपाल सरकारका सचिवज्यूहरूबीच काठमाण्डौको बुढानिलकण्ठमा आयोजित छलफलको निष्कर्ष:

१. "**समृद्ध नेपाल, सुखी नेपाली**" को दीर्घकालीन सोच, वि. स. २१०० को मार्गनिर्देशन अनुरूप सोह्रौं योजनाको "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच हासिल गर्न वातावरण संरक्षण, प्रदुषण नियन्त्रण, जलवायु उत्थानशीलता, विपद जोखिम न्युनीकरण र हरित अर्थतन्त्र प्रवर्धनलाई प्रमुख रणनीतिको रूपमा आगामी आर्थिक वर्ष २०८२/८३ को कार्यक्रम तथा बजेट निर्माण गर्दा प्राथमिकता दिने।

२. १६औं योजनाका रुपान्तरणकारी क्षेत्र, विषयक्षेत्र एवम् कार्यक्रमहरुमा समन्वयात्मक अतिरिक्त लाभ (Synergies) सिर्जना गर्ने र विरोधाभाष (Trade Offs) घटाउने गरी १६औं योजनाको कार्यान्वयन गर्ने।

३. जलवायु परिवर्तन सम्बन्धी **अनुकुलन** (राष्ट्रिय अनुकलन योजना (NAP) तथा स्थानीय अनुकुलन कार्य योजना (LAPA), **न्यूनीकरण** (राष्ट्रिय निर्धारित योगदान-NDC) र **हानि नोक्सानी** (Loss and Damage) को लागि लगानी अभिवृद्धि कार्यक्रम कार्यान्वयन र अनुगमनमा जोड दिने। हाम्रा विकासका गतिविधि सन् २०४५ मा शून्य कार्बन हासिल हुने गरि लागु गर्ने।

४. आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्दै योजना अवधिमा जलवायु उत्तरदायी बजेटलाई ६ प्रतिशतबाट वृद्धि गरी २० प्रतिशत पुर्‍याउने गरी कार्य गर्ने।

५. विकसित मुलुक तथा विकास साझेदारहरूले जलवायु परिवर्तनको क्षेत्रमा प्रस्ताव तथा घोषणा गरेका विकास सहायता प्राप्तिको लागि संवाद, सहमति र सम्झौता वार्ता अघि बढाउन सबै क्षेत्रलाई तयार बनाउने। अन्तर्राष्ट्रिय जलवायु कोष, कार्बन व्यापार, निजी क्षेत्र र विकास साझेदारको सहयोग विस्तार गर्न ठोस पहल गर्ने।

६. पर्वतीय मुलुक र जलवायु परिवर्तनका साझा मुद्दाहरूलाई अन्तर्राष्ट्रिय जलवायु मञ्चहरूमा प्रभावकारी रूपमा उठाउन नेपाल सरकारले आगामी जेठ २-४, २०८२ मा सगरमाथा संवाद कार्यक्रम आयोजना गर्ने निर्णय भएकाले यस संवाद कार्यक्रमलाई सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्ने।

७. सोह्रौं योजना र जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न अन्तर मंत्रालय/निकाय समन्वय एवम् तीन वटै तहका सरकार र सरोकारवालाबीच समान बुझाई र क्षमता विकासको लागि कार्यक्रम संचालन गर्ने।

**मितिः २०८१-१०-२३**
**बुढानिलकण्ठ, काठमाण्डौ**